# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date:18.12.2025

*काग्याद नृत्यको अवसरमा मुख्यमन्त्री र राज्यपालको शुभकामना*

सिक्किमका राज्यपाल ओमप्रकाश माथुर र मुख्यमन्त्री प्रेम सिंह तामाङले काग्याद चामको रूपमा प्रख्यात काग्याद नृत्यको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्नुभएकोछ। यो नकाबधारी भिक्षु र लामाहरूले गर्ने एक सम्मानित अनुष्ठान हो। दुवै नेताहरूले यो पवित्र नृत्य, नकारात्मकतामाथि सकारात्मकताको विजयको प्रतीक हो र शुद्धीकरणको अनुष्ठानको रूपमा काम गर्दछ, बितेको वर्षलाई शुद्ध पार्छ र आगामी वर्षको लागि शान्ति, सद्भाव र कल्याणको शुरूवात गर्दछ, भनी उल्लेख गर्नुभयो।

---

*विकसित भारत क्विज*

2047 सम्ममा भारतलाई विकसित राष्ट्र बनाउने लक्ष्यका साथ विकसित भारत क्विज आयोजना गरिएको छ।

विकसित भारत युवा संवाद 2026 को एक हिस्सा रहेको यो क्विज माई भारत पोर्टलमा उपलब्ध छ। यो पहल देशभरका युवाहरूलाई भारतको भविष्य निर्माण गर्न प्रोत्साहित गर्ने प्रयास हो। 12 भाषाहरूमा सञ्चालन हुने यो क्विजले भारतसँग सम्बन्धित विभिन्न पक्षहरू र विकसित दृष्टिकोणमा सहभागीहरूको सामान्य ज्ञानको परीक्षण गर्दछ। यसको उद्देश्य जिज्ञासा जगाउनु, ज्ञानपूर्ण भागीदारीलाई बढ़ावा दिनु अनि प्रत्येक राज्य र केन्द्र शासित प्रदेशबाट प्रतिनिधित्व सुनिश्चित गर्नु हो। सिक्किममा, विकसित भारत युवा नेतृत्व संवाद 2025 भोलि बिहान 9 बजे पाल्जोर स्टेडियममा हुने भएको छ। यस सम्बन्धमा, खेलकुद तथा युवा मामिला मन्त्रालय अन्तर्गत माइभारतका उपनिर्देशक मंगल झाखरले भन्नुभयो।

---

*बीजेपी सिक्किमका उपाध्यक्ष एनके सुब्बा हिजो नयाँ दिल्लीमा नितिन नवीनलाई भेटे*

बीजेपी सिक्किम राज्य उपाध्यक्ष तथा राष्ट्रिय परिषद सदस्य एनके सुब्बाले हिजो नयाँ दिल्लीमा राष्ट्रिय कार्यवाहक अध्यक्ष, बीजेपी नितिन नवीनलाई भेटे। बैठकमा सिक्किममा भाजपाको वर्तमान स्थिति, भविष्यको मार्गचित्र र संगठनात्मक विकासको बारेमा गहन र रचनात्मक छलफल गरिएको थियो।

नेताहरूले अनुशासन, वैचारिक स्पष्टता र जनताकेन्द्रित पहलहरूलाई प्रवर्द्धन गरेर राज्यमा पार्टीको उपस्थितिलाई अझ सुदृढ़ गर्ने रणनीतिहरूमा पनि छलफल गरे।

2019 मा सिक्किमको राज्य निर्वाचन प्रभारीको रूपमा काम गरेका नितिन नवीनले पहुमूल्य मार्गदर्शन, दृष्टिकोण र अन्तर्दृष्टि साझा गरे, जुन सिक्किममा अझ बलियो, गतिशील र समावेशी संगठन निर्माणको लागि बलियो जगको रूपमा काम गर्नेछ।

---

*मन्त्रीले गरे आई लभ बारफोक पर्यटकीय स्थलको उद्घाटन*

सिक्किम सरकारको वन तथा वातावरण विभागका मन्त्री पिन्ट्सो नाम्ग्याल लेप्चाले ज मङ्गन जिल्लाको लिङ्डोङ- बारफोक ग्राम पञ्चायत एकाइ अन्तर्गत तल्लो बारफोकमा आई लभ बारफोक पर्यटकीय संथलको उद्घाटन गर्नुभयो। जोङ्गु क्षेत्रमा पर्यटन र स्थानीय पहिचान प्रवर्द्धन गर्ने दिशामा यो पहल एक महत्वपूर्ण कदम हो।

---

*पाकिम जिल्लाको रोङ्गलीमा शीतकालीन कोचिंग कक्षाहरू*

सहकारी मार्फत शिक्षा पहल अन्तर्गत शीतकालीन कोचिंग कक्षाहरू कक्षा 10 का 30 विद्यार्थीहरूको सहभागितामा रोङ्गलीमा शुरू गरिएको छ। हिजोदेखि शुरू भएको यो कार्यक्रम, फेब्रुअरीको मध्यसम्म जारी रहनेछ। यो कार्यक्रम रोङ्गलीका विधायक पुरण गुरूङको मार्गदर्शनमा सञ्चालन भइरहेकोछ। शीतकालीन अवधिमा विद्यार्थीहरूलाई शैक्षिक प्रशिक्षण मार्फत सहयोग गर्न पाकिम जिल्लाको रोङलीमा अवस्थित प्राथमिक कृषि ऋण समाज द्वारा यो कार्यक्रम कार्यान्वयन गरिएको हो। आर्थिक रूपमा कमजोर वर्गका विद्यार्थीहरूलाई कार्यक्रममा भाग लिन प्रोत्साहित गरिएको छ।

*ए आई एफ एफ ले सिक्किम ड्रयागनलाई जरिवाना लगायो*

अखिल भारतीय फुटबल महासंघको अनुशासनात्मक समितिले 26 नोभेम्बरका दिन, पाल्जोर स्टेडियममा 41 औं गभर्नर गोल्ड कपको सेमिफाइनलमा राजस्थान युनाइटेड एफसीसँग खेलपछिको भिडन्तमा उनिहरूको भूमिकाका लागी सिक्किम ड्रयागन एफसीका प्रबन्धक कुन्जाङ भुटिया र सात खेलाडीहरू विरूद्ध खेल प्रतिबन्ध र जरिवाना जारी गरेको छ।

आर्थिक जरिवाना लगायत, निलम्बन तीन देखि छ खेलसम्मको छ। अखिल भारतीय फुटबल महासंघको अनुशासन समिति क्लबलाई गम्भीर गैर- खेल आचरणको लागि पनि जरिवाना गरिएको छ।